## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ४३ मिति : २०७६/१०/०२

**भाग-१**

**गोदावरी नगरपालिका**


**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/९/२८**

**प्रमाणीकरण मिति :२०७७/९/२९**

## दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार आधारभुत तहसम्मको शिक्षा संघीय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा सो आधारभुत तहसम्मको शिक्षालाई नि:शुल्क तथा अनिवार्य गराउनका लागि एउटा महत्वपुर्ण कार्यक्रम विद्यालयमा बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्नु हो । यस कार्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मंत्रालयले **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** जारी गरेको सन्दर्भमा यस कार्यक्रमको संचालन तथा व्यवस्थापनलाई सुव्यवस्थित गर्नका लागि यस **गोदावरी नगर कार्यपालिकावाट** दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६ जारी गरिएको छ ।

## परिच्छेद – १

### १. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम  दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,  २०७६ रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि  विद्यालयमा दिवाखाजा कार्यक्रम लागु भएका विद्यालयहरूको हकमा  मात्र लागु हुनेछ।

### २. परिभाषा :

क. " दिवा खाजा "  भन्नाले विद्यालयमा विद्यार्थीहरूका लागि व्यवस्था गरिएको खाजा कार्यक्रम सम्झनु पर्दछ।

ख. " **प्रधानाध्यापक** " भन्नाले यस निर्देशिकामा उल्लेख भएअनुसार  करारमा विद्यालय व्यवस्थापनका लागि नियुक्त भएका प्रधानाध्यापक सम्झनु पर्दछ।

ग. सो शब्दले निजी तथा संस्थागत विद्यालयका प्रमुखलाई समेत जनाउछ।

## परिच्छेद – २

## दिवा खाजा कार्यक्रमको उद्देश्य तथा लक्षित वर्ग/समूह

### ३. उद्देश्यहरुः

संघीय सरकारले विद्यायलमा पढ्ने बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता, गुणस्तर अभिवृद्दि र स्वस्थ्यमा सुधारका लागि संचालित दिवा खाजा कार्यक्रमका उद्द्येश्यहरुलाई पुरा गर्ने गरी यस पालिकाले दिवा खाजा कार्यक्रमको लागि परिपुरक उद्देश्यहरु निर्धारण गरेको छ जुन देहाय वमोजिम हुनेछ।

क. विद्यालयमा विद्यार्थीको नतिजामुखि उपस्थिति।
ख. विद्यार्थीको पोषणमा सुधार।
ग. विद्यालय बिचमै छोडने प्रवृतिमा कमि।
घ. स्थानीय कृषी उपजलाई बढावा दिन।
ङ. स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउन।

## ४. लक्षित समुह:

संघीय सरकारले तोकेको सवै सामुदायीक विद्यालयका पुर्व प्राथमिक तह देखि कक्षा ५ सम्मका सवै विद्यार्थी यस कार्यक्रमको लक्षित समुह हुनेछ।

# परिच्छेद – ३

## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

## ५. पोषण मापदण्ड:

संघीय सरकारवाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रूपमा चाहिने बृहत तथा सुक्ष्म पोषक तत्वहरु मात्राको ३० % दिवा खाजावाट प्राप्त हुनुपर्छ) पुर्णरुपले पालना गर्न देहाय वमोजिमको व्यवस्था गरिनेछ।

क. प्रत्येक एक व्यक्ति (विद्यार्थी) को लागि निम्न अनुसार खाद्य सामाग्री मात्रा हुनेछ।

| खाद्य सामाग्रीको समुह | वाल विकाश देखि कक्षा ५ सम्मको लागि मात्रा (ग्राममा) | कक्षा ६ देखि माथि लागि मात्रा (ग्राममा)* | कैफियत |
|---|---|---|---|
| अन्न (चामल र वा गहुँ कोदो मकै) | ८० | १०० | |
| दलहन | २० | २५ | |
| हरियो तरकारि | ५० | ७५ | |
| खाने तेल | ५ | ७.५ | |
| पशुजन्य | ३० | ४० | सप्ताहमा एक दिन मात्र |
| फलफुल** | १ ओटा | १ ओटा | सप्ताहमा एक दिन मात्र |
| मरमसाला | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार | |

*संघीय सरकारको अनुदान कक्षा ५ सम्म मात्र हुनेछ।

ख. सवै विद्यालयले माथी उल्लेखित खाद्य सामाग्रीहरुको न्युनतम मात्रा अनिवार्य रुपले पालना गर्नेछ।

### ६. दिवा खाजाका लागि मेनु:

तोकिएको पोषण मापदण्ड र खाद्य सामाग्रीहरुको मात्राको आधारमा यस पालिका अन्तर्गतका सम्पूर्ण विद्यालयको लागि एउटै दिवा खाजाको साप्ताहिक मेनु हुनेछ। मेनुको लागि देहाय वमोजिको व्यवस्था गरिनेछ।

क. दिवा खाजाको मेनु निर्माणका लागि सहकारी, कृषी तथा अन्य समूहहरु, संघसंस्थाहरू, कृषि, पोषण, स्वास्थ्य विज्ञको परामर्श र विद्यालय शिक्षक, वि.व्य.स. र आमाहरुको सल्लाहमा हुनेछ।

ख. दिवा खाजाको मेनु पुर्ण रुपले यस पालिकाको उत्पादनमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न हुनेछ।

ग. हिउँद र वर्षे मौसम गरी २ वटा मेनुको सेट निर्माण गरिनेछ।

घ. प्रत्येक दिनको खाजा मेनु अलग अलग हुने तथा एक दिनको मेनु सबै विद्यालयमा एउटै हुने गरी साप्ताहिक मेनु लागु हुनेछ।

ङ. वर्षको एक पटक मेनुको पुनरावलोकन गर्न सकिनेछ। पहिलोपटकलाई अनूसुची घ अनुसारको मेनु हुनेछ।

## परिच्छेद – ४

## दिवा खाजाको लागि चाहिने पुर्वाधार सम्बन्धी व्यवस्था

### ७. भण्डारण सहितको भान्साकोठ:

पालिकाले आफ्नो मातहतका सम्पुर्ण सामुदायिक विद्यालयलाई भण्डारण सहितको भान्सा निर्माण गर्न प्रत्येक १० वर्षमा एकपटक देहाय वमोजिमको सहयोग गर्नेछ। पहिलो पटक दिवा खाजाको लागि विनियोजित सशर्त अनुदान बाट उक्त रकम उपलब्ध गराईने छ।

क. ७५ सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रू ३०,००० वा सो वरावरको निर्माण सामाग्री

ख. ७६ देखि १५० विद्यार्थी संख्या भएको विद्यालायलाई रू ४०,००० वा सो वरावरको निर्माण सामाग्री

ग.१५१ देखि २५० विद्यार्थी संख्या भएको विद्यालायलाई रू ५०,००० वा सो वरावरको निर्माण सामाग्री

घ. २५० भन्दा माथि विद्यार्थी संख्या भएको विद्यालायलाई रू ६०,००० वा सो वरावरको निर्माण सामाग्री

ङ. पालिकाले उपलव्ध गराएको नगद वा समाग्री नपुग भएमा विद्याललले वि.व्य.स.को सहकार्यमा स्थानीय समुदाय, दाता, अन्य संघ संस्थाहरुको सहयोगमा भण्डारण सहितको भान्सा निर्माण गर्ने छन्।

च. भण्डारण सहितको भान्सा निर्माण गर्दा **“सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६”** मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नेछ। साथै स्थानिय निर्माण सामग्रीको बहुप्रयोग गरिनेछ।

## ८.भान्सामा प्रयोग हुने सामाग्रीहरु (पकाउने र खाने वर्तन):

पालिकाले आफ्नो मातहतका सम्पुर्ण विद्यालयलाई दिवा खाजा तयार, वितरण र खुवाउनलाई चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्न  प्रत्येक ५ वर्षमा एकपटक देहाय वमोजिमको सहयोग गर्नेछ। पहिलो पटक दिवा खाजाको लागि विनियोजित सशर्त अनुदान बाट उक्त रकम उपलब्ध गराईने छ।

क. ७५ सम्म विद्यार्थी संख्या भएको विद्यालयलाई रू १०,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ख. ७६ देखि १५० विद्यार्थी संख्या भएको विद्यालायलाई रू १५,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ग. १५१ देखि २५० विद्यार्थी संख्या भएको विद्यालायलाई रू २०,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

घ. २५० भन्दा माथि विद्यार्थी संख्या भएको विद्यालायलाई रू २५,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ङ. यसरि विद्यालयले भान्सा सामाग्रीहरु व्यवस्थापन गर्दा **“सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६”** मा तोकिएको विद्यार्थी संख्याको आधारमा चाहिने न्युनतम भान्सा सामग्रिहरु व्यवस्था गर्नेछ ।

## ९. चुलो र ईन्धनको व्यवस्थापन:

विद्यालयहरुले दिवा खाजा तयार गर्न चुलो र ईन्धनको व्यवस्थापन आफै गर्नुपर्ने छ। विद्यालयहरुले संघीय सरकारले तोकेको रकम खाद्य सामाग्रीहरू र भान्सेको लागि खर्च गरी वाँकि रहेको रकमवाट चुलो र ईन्धनको व्यवस्थापन गर्नेछ। यसो गर्दा रकम अपुग भएमा वालवालिकाहरुको स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरुसँग सहयोग जुटाउन सक्नेछ। यदि विद्यालयले एल. पी. जी. ग्याँस चुलो प्रयोग नगरि दाउरा चुलो प्रयोग गरेको खण्डमा यस्ता चुलो **“सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६”** मा तोकिएको अनुसारको धुँवा रहित वातावरण मैत्री चुलो मात्र प्रयोग गर्नेछ। पालिकाले विद्यालयहरुमा यस्तो चुलो निर्माणको लागी नेपाल सरकारको सम्वन्धित निकाय **वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र** वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्नेछ।

# परिच्छेद – ५

## दिवा खाजाको खरिद तथा तयारि र रकम निकाशासम्वन्धी व्यवस्था

### १०. दिवा खाजाको लागि खाद्य सामाग्री खरिद:

यस नगरपालिकामा खाद्य सामग्रीहरुको खरिद देहाय वमोजीम हुनेछ।

क दिवाखाजाको लागि चाहिने खाद्य सामग्रीहरुको खरिद संघीय सरकारले तोकेको मोडेलहरुमध्येको विद्यालय केन्द्रित **बाह्रय स्रोत** मोडेलवाट हुनेछ।

ख. यस अन्तर्गत विद्यालयले पालिकावाट पहिचान भएको महिला वा कृषि सहकारी, किसान समुह वा अन्य आपूर्तिकर्तासँग खाद्य सामाग्री खरिद तथा आपुर्ती गर्नेछ।

ग. यस्ता जोसुकै आपूर्तिकर्ता भएपनि दिवा खाजाका लागी चाहिने सम्पुर्ण खाद्य सामग्रीहरु (स्थानीय स्तरमा उत्पादन नहुने वाहेक) स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ। तोकिएको सम्झौता अवधिमा ५० % भन्दा कम मुल्य वरावरको स्थानीय उत्पादित खादसामाग्रीहरु आपुर्ती भएमा विद्यालयले यस्तो आपुर्तीकर्तासँग खरिद सम्झौता नवीकरण गर्ने छैन।

### ११. खाजा तयारी तथा वितरण सम्बन्धी व्यवस्था:

यस नगरपालिका अन्तर्गतको विद्यालले दिवा खाजा तयारिको लागि देहाय वमोजिमको उपायहरु गर्नेछ।

क. ५० जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुले तोकिएको विद्यालय खाजा ब्यवस्थापन समितिले स्वयमसेवक भान्छे परिचालन गरी दिवा खाजा संचालन गराउनेछ।

ख. ५० भन्दा वढि विद्यार्थी संख्या भएका विद्यालयमा स्वयमसेवक भान्से परिचालन गरी दिवा खाजा तयारि गराउने व्यवास्थापन गराउनेछ। सो स्वयमसेवक भान्से परिचालन गर्दा पहिलो आमाहरु उपलव्ध नभएमा मात्र भान्सेको लागि अन्य व्यक्ति प्रयोग गर्न पाइनेछ।

ग. यस्ता दिवा खाजा तयार गर्ने भान्से स्वयमसेवक भएपनि ऊनीहरुले गरेको परिश्रमलाई सम्मान गर्न केही रकम उपलब्ध गराउन सक्नेछ।

घ. सुरक्षाको दृष्टिले पहिले प्रधानाध्यापक वा फोकल शिक्षकले  तयार भएको खाजा खाएर रुजु गरेपछि मात्र वितरण गर्नेछ।

ङ. तयार भएको खाजा वितरण शिक्षकहरुको उपस्थीति तथा सहयोगमा मात्र हुनेछ। वितरण गर्दा पहिले सवभन्दा साना कक्षादेखि शुरु गरि क्रमश: माथिको कक्षाहरुलाई मात्र वितरण गर्ने।

## १२. दिवा खाजाको लागि रकम निकाशा:

पालीकाले दिवा खाजा व्यवस्थापनका लागि नगद वा जिन्सि निकाशा देहाय बमोजिम गर्नेछ।

क. संघीय सरकारवाट प्राप्त विद्यार्थी भर्ना अनुसारको रकम प्रत्येक विद्यालयको खातामा चौमासिक रुपमा पेश्की स्वरुप पठाउनेछ। यसको लागि विद्यालयले पछिल्लो चौमासिकको प्रगति विवरण सहित अनुदान निकाशा फाराम भरि अनुसुचि (क) पालिकाको शिक्षा शाखामा पेश गर्नेछ। पहिलो पटकलाई पछिल्लो चौमासिक विवरण आवश्यक पर्ने छैन।

ख. पालिकाले रकम निकाशा गर्दा पछिल्लो विद्यालयले पेश गरेको प्रगति बिवरण सहितको चौमासिकको खर्च फछ्र्यौट गरी मौज्दात रकमलाई कटाई अर्को चौमासिकको लागि थप रकम निकाशा दिनेछ।

ग. माथिको रकम निकाशाको लागि विद्यालयले अनुसुचि (क) अनुसारको माग फारम भरि पालिकाको शिक्षा शाखामा पेश गर्नेछ।

घ. भण्डारण सहितको भान्साकोठाको निकाशाको लागि विद्यालयले पहिले तोकिएको ढाँचा अनुसारको भान्सा निर्माणको लागि आवश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागि आवश्यक अपुग श्रोत पहिचान समेत गरि वडा कार्यलयको सिफारिश सहित पालिकामा निवेदन पेश गर्ने।

ङ. पालिकाको शिक्षा शाखाले यस निवेदनलाई रुजु गरि तोकिएको रकम वा सामाग्रीको निकासा गर्नेछ।

च. भान्सा सामग्रीहरुको लागि पनि तोकिएको मापदण्ड अनुसारको आबश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागि आवश्यक अपुग श्रोत पहिचान सहित वडा कार्यलयको सिफारिश सहित पालिकामा निवेदन पेश गर्नेछ र सो निवेदनको आधारमा तोकिएको रकम वा सामाग्री पालिकाले निकाशा गर्नेछ।

# परिच्छेद – ६

## दिवा खाजाको संचालनको लागि कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना

(मानव श्रोत) तथा संवन्वय समिति सम्बन्धी व्यवस्थाः

१३. स्थानिय तहको कार्यक्रम कार्यान्वयन सयन्त्र :

स्थानिय तहभित्रका विद्यालयमा

दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकामा रहने सामाजिक विकाश समितिलाई नै हुनेछ। यस कार्यका लागि देहायबमोजिमका सदस्यहरु समेत हुने गरि एक उपसमिति गठन गरिनेछ।

क. उप-प्रमुख - अध्यक्ष

ख. सामाजिक विकास समितिको प्रमुख - सदस्य

ग. नगर प्रमुखले तोकेको स्थानिय तहको वडा अध्यक्ष मध्ये एक जना - सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्येबाट नगर प्रमुखले तोकेको एक जना - सदस्य

च आधारभुत तहका शिक्षकहरु मध्येबाट समितिका नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य

छ स्थानिय तह भित्रका महिला शिक्षकमध्ये समितिका नगर प्रमुखले मनोनित महिला शिक्षक एक जना - सदस्य

ज स्वास्थ्य र कृषि विकास हेर्ने शाखा प्रमुखहरू दुईजना - सदस्य

झ महिला विकास शाखा प्रमुख - सदस्य

ञ स्थानीय तहको शिक्षा हेर्ने प्रमुख अधिकृत - सदस्य सचिव

## १४. आमा समुह गठन:

पालिका अन्तर्गतका प्रत्येक विद्यालहरुले वि.व्य.स. को अगुवाईमा दिवा खाजा व्यवस्थापन तथा कार्यन्वयनमा सहयोग जुटाउन ५ देखि १० जना एक समुहमा पर्ने गरी आमाहरुको समूह सूची वनाउने छ । यी आमाको समूहहरुले पालैपालो विद्यलायमा दिवा खाजाका लागि खरिद भएको खाद्य सामग्रीहरु परीक्षण गरी प्राप्त गर्ने, खाजा तयारि, वितरण, सरसफाई तथा फोहोर व्यवस्थापन जस्ता कार्यहरुमा सहयोग तथा अनुगमन गर्नेछ।

## १५. विद्यालय व्यवस्थापन समिति:

वि.व्य.स.ले विद्यालय र आमा समूहसँग सल्लाह र सहयोगमा निम्न कार्यहरु गर्नेछ।

क. पालिकाले दिवाखाजाको लागि तोकेको न्युनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापन।

ख. न्युनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सि श्रोत व्यवस्थापनको लागि वडा कार्यालय, नगरपालिका लगायत अन्य निकाय र दातासँग सहकार्य।

ग. पालिकाले दिवा खाजाको लागि तोकेको मेनुको र अन्य पोषण मापदण्डलाई चाहिने खादय समाग्रीहरुको लागि अनुसुचि (ख) अनुसारको खरिद योजना तयार गर्नेछ।

घ. खरिद योजना अनुसार पालिकाले पहिचान गरेको कृषि सहकारी, अन्य सहकारी वा किसान समुहसँग आवश्यक परिमाण सहितको खाद्य सामग्रीहरुको खरिद तथा आपुर्तीको लागि <u>अनुसुचि</u> (ग) अनुसारको ढाँचामा सम्झौता गर्नेछ।

ङ. आमा समूहलाई तोकिएको कार्यको लागि रुटिन अनुसार परिचालन गर्ने।

च. दिवा खाजा संचालनको लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य श्रोतहरुको निकाशाको लागि आवश्यक कागजात तथा प्रकृया पुरा गरी पालिकाको शिक्षा शाखामा पेश गर्नेछ।

छ. खाद्य सामग्री आपुर्तीकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउने।

ज. दिवा खाजाको तयारिको लागि स्वयमसेवक भान्सेको पहिचान, परिचालन गर्ने।

## १६ विद्यालय दिवा खाजा ब्यवस्थापन समितिः

विद्यालयले तपशिल बमोजिमको विद्यालय दिवा खाजा ब्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

| | |
|---|---|
| क अभिभावकहरुले छानेको | अध्यक्ष |
| ख अभिभावकहरुले महिलालाई प्राथमिकता हुने गरि छानेका ५ जना | सदस्य |
| ग विद्यालयको प्र.अ. | सदस्य सचिव |

## १७. वडा कार्यालय:

वडा कार्यलयहरुले दिवा खाजा कार्यन्वयनमा देहायको कार्यहरु गर्नेछ।

क. विद्यालयहरुलाई चाहिने आवश्यक पुर्वाधारको लागि श्रोतको पहिचान र परिचालन गर्ने।

ख. विद्यालय र पालिकाको विचमा पुलको काम गरी विभिन्न निकायहरुविच समन्वय गर्ने।

ग. तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमण गरी सुधारका प्रयास गर्ने गराउने।

घ. आफ्ना मातहतका विद्यालयहरुलाई दिवा खाजाको लागि वार्षिक रुपमा समाजिक परीक्षण गराउन सहयोग गर्ने।

## १८. स्थानीय तह शिक्षा शाखा:

स्थानीय तह शिक्षा शाखाले दिवा खाजा संचालन र कार्यन्वयनमा देहायको कार्यहरु गर्नेछ।

क. सम्बन्धित निकायलगायत शिक्षक, वि.व्य.स. र आमा समुहहरुको दिवा खाजा समिति प्रतिनिधिहरुको समन्वयममा तोकिएको मापदण्ड अनुसारको मेनु निर्माण गरी समाजिक विकाश समितिको स्विकृति लिई कार्यान्वयन गर्ने।

ख. दिवा खाजा संचालनको लागि एउटा कार्ययोजना तथा वार्षिक वजेट वनाई सामाजिक विकाश समितिमा अनुमोदन गराई कार्यपालिकामा स्विकृतिको लागि पेश गर्ने।

ग. दिवा खाजा संचालनको लागि चाहिने मानवश्रोत तथा कर्मचारि आवश्यकता पहिचान गरी सोको व्यवस्थापनको लागि स्थानीय तह कार्यपालिका सँग पहल गर्ने।

घ. विद्यालहरुलाई तोकिएको मापदण्ड तथा नियम अनुसार चौमासिक रुपमा निकाशा दिने।

ङ. विद्यालहरुले पेश गरेको प्रगति प्रतिवेदनहरुलाई एकिकृत गरी आफ्नो स्थानीय तह स्तरिय प्रतिवेदन तयार गरी सो प्रतिवेदन पालिका लगायत अन्य निकायमा पेश गर्ने।

च. मासिक प्रधानाध्यापक वैठकमा दिवा खाजा विषयसँग सम्बन्धित अनिवार्य रुपमा एउटा विषयवस्तुका रुपमा छलफल गर्ने गराउने र दिवाखाजालाई एउटा साधनको रुपमा उपयोग गरी वालावालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाईमा सुनिश्चित गर्ने खालको कृयाकापहरुमा छलफल गराउने।

छ. दिवा खाजा संचालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारबालहरुको (भान्से, वि.व्य.स. र शिक्षकहरुको) क्षमता विकाशका लागि सम्वन्धित निकायहरु (जस्तै खाद्य तथा गुणस्तर नियन्त्रण विभाग, शिक्षाको लागि खाद्य परियोजना, परिवार कल्याण महाशाखा आदि) तथा अन्य विकास साझेदारहरु सँग समन्वय गर्ने।

ज. दिवा खाजाको कार्यान्वयन तोकिएको मापदण्ड अनुसारको भए नभएको अनुगन गरी आवश्यक सल्लाह, सुझाव र सहजीकरण गर्ने गराउने।

## १९. स्थानीय तह सामाजिक विकास समिति:

दिवा खाजा संचालनमा समाजिक विकाश समितिको संन्वयकारी भुमिका रहि निम्न कार्यहरु गर्नेछ।

क. दिवा खाजाको लागि हुने यस समितिको वैठकमा आवस्यकता अनुसार पालिका अन्तर्गतको कृषी, पशु, सामाजिक सुरक्षा शाखाका प्रमुखहरु लगायत अन्य सरोकारवालाहरुलाई पनि आमन्त्रण गरि वहुक्षेत्रिय प्लेटफर्म कायम गरि आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने।

ख. नगर शिक्षा शाखाले पेश गरेको दिवा खाजाको कार्ययोजना र वजेटमाथी आवश्यक छलफल गरि अनुमोदन गर्ने र नगर कार्य पालिकामा स्विकृतिको लागि आवश्यक पहल तथा समन्वय गर्ने।

ग. दिवा खाजालाई स्थानीय स्तरको उत्पादनमा आधारित वनाउन नगर कृषि शाखाको सहयोगमा कृषि सहकारी, सहकारी वा किसान समुहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोगहरु दिलाउन पहल गर्न।

घ. दिवाखाजा संचालनमा अन्य क्षेत्रको समेत भुमिका पहिचान गरि प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यको लागि पहल गर्नेछ।

ङ. दिवा खाजाको संचालनको लागि चाहिने थप नीति, नियम, योजना, तथा कार्यक्रमहरुको मस्यौदा तयार गरि स्विकृतको लागि कार्यपालिकामा पेश गर्ने।

च. प्रत्येको चौमासिकमा कम्तिमा एक पटक आफ्नो मातहतको सम्पुर्ण विद्यालयहरुलाई संयुक्त अनुगमन गरि अनुगमनमा देखिएको विषयवस्तुलाई छलफलगरि समस्याहरुको समाधान गरि दिवाखाजालाई प्रभावकारि वनाउने पहल गर्नेछ।

## २०. स्थानीय तह कार्यपालिका:

दिवा खाजा संचालन, व्यवस्थापन र कार्यान्वयनको लागि स्थानीय तहको कार्यपालिका नीति निर्धारण तथा अन्तिम निर्णय गर्ने निकाय रहनेछ र देहाय वमोजिमको कार्य गर्ने छ।

क. सामाजिक विकास समितिवाट पेश भएको नीति, नियम, योजना, तथा कार्यक्रमहरुको मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने।

ख. शिक्षा शाखावाट प्रस्तुत भएको दिवाखाजाको कार्ययोजना, वार्षिक वजेट लाई स्विकृत गर्ने।

ग. संघीय सरकारवाट प्राप्त रकम वाहेक दिवाखाजाको व्यवस्थापनलाई चुस्त दुरूस्त गर्न थप वजेटको व्यवस्थापन तथा वाँडफाँट गर्ने।

घ. दिवा खाजा व्यवस्थापनलाई प्रभावकारि गर्न यस स्थानीय तह अन्तर्गत भएको शाखाहरुमा फोकल कर्मचारी तोक्ने वा आवश्यक कर्मचारी काममा खटाउने।

ङ. दिवा खाजाकोलागि चाहिने आवश्यक पुर्वाधारहरुको विकाश गर्न गैर सरकारी संघ संस्था, नीजि क्षेत्र, दातृ निकायहरुसँग सहयोगको लागि आवश्यक सहकार्य गर्ने।

च. दिवा खाजाको विस्तार तथा गुणस्तरको लागि चाहिने श्रोतको लागि प्रदेश सरकार सँग सहयोगका लागि पहल गर्ने।

छ. आफ्नो मातहतको सम्पुर्ण निकाय तथा विद्यलायहरुलाई आवश्यक निर्देशन दिने।

# परिच्छेद – ६

## दिवा खाजाको लागि चाहिने आवश्यक स्रोतको लागि लागत साझेदारी

२१. विद्यालयम दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार सहित स्थानीय तह र सहयोगी संस्था र अभिभावकबीच सहकार्य र साझेदारी गरिने छ।

२२. दिवा खाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, आमा समूह, क्याटरिङ संचालक, कृषक समुहसंग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत सझेदारी गर्न सकिने छ।

## विविध

१. खारेजी : यस अघि जारी भएको विद्यार्थी खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ खारेज गरीएको छ।

गोदावरी नगरपालिका

**अनुसुचि    क**

गोदावरी नगरपालिका

शिक्षा शाखा

**चौमासिक प्रगति विवरण तथा अनुदान निकाशा फाराम**

**(चौमासिक विवरणका आधारमा तथ्याङ्क भर्नुपर्ने)**

विद्यालयको नाम :                                वडा नं.

अघिल्लो चौमासिकमा विद्यालय सञ्चालित दिन :                खाजा उपभोग भएका जम्मा दिन

**क. अघिल्लो चौमासिकको विद्यार्थी संख्या**

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थिति दिन | | | |
| खाजा उपभोग भएका दिनको जम्मा उपस्थिति | | | |

**ख.पछिल्लो मौज्दातको र आगामी निकाशाको विवरण**

| विवरण | रकम (रू हजारमा) | खाद्य सामग्री १ (केजी) | खाद्य सामग्री २ (केजी) | खाद्य सामग्री ३ (केजी) | खाद्य सामग्री ४(केजी) |
|---|---|---|---|---|---|
| गत चौमासिकको मौज्दात | | | | | |
| गत चौमासिकमा प्राप्ती | | | | | |
| गत चौमासिकको खर्च | | | | | |
| बचत र मौज्दात | | | | | |
| जम्मा विद्यार्थी भर्ना | | | | | |
| आगामी चौमासिकमा खाजा उपभोग हुने जम्मा दिन | | | | | |
| प्रतिदिन प्रति विद्यार्थी लागत रकम र आवश्यक खाद्य सामग्री | | | | | |



गोदावरी नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| परिमाण दर | | | | | |
| आवश्यक खाद्य सामग्री परिमाण र रकम | | | | | |
| जम्मा मौज्दात वचत | | | | | |
| निकासा हुनुपर्ने रकम र खाद्य सामगी परमिाण | | | | | |

बिव्यस अध्यक्षको नाम : खाद्य समग्री वा रकम निकासा गर्ने अधिकारीको नामः

सही : सही :

सामग्री बुझिलिनेको नाम : सही :

विद्यालय छाप :

## अनुसूची ख

## खरिद समितिले तयार गर्नुपर्ने खरिद योजनाको विवरण

**विद्यालय :** **पालिका वडा नं.**

**क. खाद्य सामग्री परिमाण र लागत अनुमान** **मिति**

| निर्धारित खाद्य टोकरी परिकार | ...वर्षमा खाजा उपभोग हुने अनुमानित दिन | खाजा परिमाणको दर | जम्मा विद्यार्थी भर्ना | आवश्यक पर्ने सामग्रीको परिमाण | बचत र मौज्दात खाद्य सामग्रीको परिमाण | खरिद गर्नुपर्ने खाद्य सामग्रीको वास्तविक परिमाण | अनुमानित एकाइ मूल्य दर | अनुमानित जम्मा मूल्य | सामग्रीको गुणस्तर विवरण (ब्राण्ड राम्रो असल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची ग**

**विद्यालय खाजाका लागि खाद्य सामग्री आपूर्तिको आपूर्तिकर्ता र विद्यालय/पालिकावीच भएको सम्झौता**

बोलपत्र नं......................

विद्यालय रपालिकाको नाम......................................... ....................पालिका वडा नं.......

आपूर्तिकर्ताको नाम ................................................ ठेगाना............................. सम्पर्क नं............

तल उल्लिखित शर्त अनुसार तालिका क बमोजिमका खाद्य सामग्रीहरू खरिद तथा आपूर्ति गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता आज .................................... का दिन माथि भनिएका विद्यालय र पालिका र आपूर्तिकर्ताविच सम्पन्न भएको छ।

**तालिका क : खरिद तथा आपूर्ति गरिने खाद्य सामग्रीहरू**

| क्र सं. | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मूल्य दर रू | जम्मा मूल्य रू | आपूर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| क. अन्न | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख.दाल तथा गेडागुडी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग.हरियो सागपात | | | | | | |
| | | | | | | |

| क्र सं. | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मूल्य दर रू | जम्मा मूल्य रू | आपूर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| घ.अरू तरकारी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| फलफूल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| बदाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| अण्डा | | | | | | |
| | | | | | | |

गोदावरी नगरपालिका

| क्र सं. | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मूल्य दर रू | जम्मा मूल्य रू | आपूर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**अनुसूची घ**

## दिवा खाजा साप्ताहीक मेनु

| क्र. स. | वार | परिकार | कैफियत (विकल्प) |
|---|---|---|---|
| १ | आइतवार(पहिलो दिन) | खिचडी | मकैको वा चामल वा सुजीको हलुवा |
| २ | सोमवार(दोस्रो दिन) | खीर साग तरकारी | चिउरा र गेडागुडी |
| ३ | मंगलवार(तेस्रो दिन) | क्वाटी वा गेडागुडी | मकैको सैया र तारकारी |
| ४ | बुधवार(चौथो दिन) | अण्डा वा मासु र भुटेको भात | भुटेको मकै र भटमास |
| ५ | बिहिवार(पाँचौ दिन) | हलुवा | स्वास्थ्य मन्त्रालयबाट स्वीकृत खाजा |
| ६ | शुक्रवार(छैटौ दिन) | दाल भात तरकारी | |

**आज्ञाले**

**देवराज जोशी**

**प्रमुख प्रशासकीय अधिकृत**